नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

(बजेट कार्यान्वयन तथा सोधभर्ना शाखा )

प.सं. २०८०/८१
च.नं. २६

मितिः–२०८०/०६/२६

विषयः आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु,
सबै।

प्रस्तुत विषयमा अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको प.सं. २०८०/८१, च.नं. १८६, मिति २०८०/०६/२५ को प्राप्त पत्रको छाँया प्रति यसै पत्रसाथ संलग्न गरिएको छ । सो पत्रमा उल्लेख भए बमोजिमको निर्देशन अध्ययन गर्नु भई सोही अनुसार कार्यान्वयन गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

..............................
(प्रदिप राज खरेल)
लेखा अधिकृत

नेपाल सरकार
# अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा
बजेट प्रशासन

पत्र संख्या:- २०८०/८१
च. नं.:- ९८६

सिंहदरबार, काठमाडौं
नेपाल।
मितिः २०८०/०६/२५

विषयः आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धमा।

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाडौं।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा २८ अनुसार संघीय विनियोजन ऐन बमोजिम विनियोजन भएको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट भएको रकम खर्च गर्ने अख्तियारी स्वतः अधिकार प्राप्त अधिकारीलाई हुने व्यवस्था गरिएको छ। बजेटको प्रभावकारी कार्यान्वयन र नगद व्यवस्थापनका लागि त्रैमासिक रुपमा बजेटको बाँडफाट गरिएको छ। स्वीकृत वार्षिक कार्यक्रमको त्रैमासिक विभाजन बमोजिम मासिक खर्च अनुमानको विवरण तयार हुने र मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), एकल खाता कोष प्रणाली (TSA), कम्प्यूटरीकृत सरकारी लेखा प्रणाली (CGAS) विच अन्तर आवद्धता समेत गरिसकिएको व्यहोरा विदितै छ। उपरोक्त सन्दर्भमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा भएको कार्यक्रमको एकल खाता कोष प्रणालीबाट भुक्तानी गर्दा त्रैमासिक विभाजनमा उल्लेखित रकम भन्दा फरक पारी भुक्तानी हुने गरेको बुझिएकाले यसो गर्दा प्रचलित कानूनी व्यवस्था विपरित हुने तथा नगद व्यवस्थापनमा समेत समस्या हुने भएकाले मन्त्रालयगत बजेट सूचना प्रणालीमा त्रैमासिक रुपमा विभाजन भएको बजेटको सीमा भित्र रही मात्र भुक्तानी दिनुहुन भनी यस मन्त्रालयको च.नं.१५४, मिति २०८०/०६/०५ को पत्रानुसार लेखी पठाइएकोमा तलब, भत्ता र खाद्यान्न लगायतका प्रतिवद्ध खर्च भुक्तानीको हकमा त्रैमासिक रुपमा विभाजन भएको बजेटको सीमा लागु नहुने व्यहोरा मिति २०८०/०६/२५ को निर्णयानुसार अनुरोध छ।

(उत्तर कुमार खत्री)
सहसचिव

बोधार्थः
श्री महालेखा परीक्षकको कार्यालय,
अनामनगर, काठमाडौं।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३३
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मु.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np